कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
कञ्चन २, रुपन्देही / Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Provience, Nepal

पत्र संख्या / Ref. No. : - २०८२-०८३
चलानी नम्बर/ Dispatch No. : ९६५५

मिति २०८३/२/६

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरू
कञ्चन गाउँपालिका ।

**विषयः उत्कृष्ट विद्यालय तथा उत्कृष्ट शिक्षक मनोनयन सम्बन्धमा।**

प्रस्तुत विषयमा सामाजिक विकास डिभिजन कार्यालय रुपन्देही बाट प्राप्त पत्र तथा "शैक्षिक संस्थाहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७८" बमोजिम शैक्षिक गुणस्तर अभिवृद्धि, संस्थागत सुशासन, नवप्रवर्तन, विद्यार्थी सिकाइ उपलब्धि तथा शिक्षकको पेशागत दक्षतालाई प्रोत्साहन गर्ने उद्देश्यले उत्कृष्ट विद्यालय तथा उत्कृष्ट शिक्षक छनोट प्रक्रिया अगाडि बढाइएको व्यहोरा जानकारी गराइन्छ।

उक्त मार्गदर्शन तथा मूल्याङ्कनका आधारहरू अनुरूप कञ्चन गाउँपालिका अन्तरगतका विद्यालयहरूबाट देहाय बमोजिम मनोनयन/ दावी गरी आवश्यक कागजातसहित पेश गर्नुहुन अनुरोध छः

**मनोनयन/दावी गर्नुपर्ने विवरण**

१. प्रत्येक विद्यालयबाट १ (एक) जना उत्कृष्ट शिक्षक
२. गाउँपालिकाबाट १ (एक) उत्कृष्ट सामुदायिक विद्यालय

**मनोनयन गर्दा मार्गदर्शनमा उल्लेख भएका सूचकहरू जस्तैः**

- शैक्षिक उपलब्धि तथा नतिजा,
- विद्यालय व्यवस्थापन तथा सुशासन,
- प्रविधिमैत्री शिक्षण सिकाइ,
- अतिरिक्त क्रियाकलाप सञ्चालन,
- विद्यार्थी सहभागिता,
- समावेशी तथा बालमैत्री वातावरण,
- शिक्षकको पेशागत योगदान, तालिम, नवप्रयोग तथा अनुशासन लगायतका विषयहरूलाई आधार बनाउनुपर्नेछ।

२०८३/२/६
रमेश भुसाल
शाखा अधिकृत

E-mail:-kanchangaupalika@gmail.com, info@kanchanmun.gov.n
Website:-ww.kanchanmun.gov.np

पत्र संख्या / Ref. No. : - २०८२-०८३

चलानी नम्वर/ Dispatch No. : १६५६

पेश गर्नुपर्ने कागजातहरू

- विद्यालय व्यवस्थापन समिति/शिक्षक छनोट समितिको निर्णय प्रतिलिपि
- शिक्षक तथा विद्यालयको विवरण.खुल्ने प्रोफाइल
- उपलब्धि, सम्मान, नतिजा तथा कार्यसम्पादन पुष्टि गर्ने प्रमाणहरू
- मार्गदर्शन बमोजिमका मूल्याङ्कन सूचकसँग सम्बन्धित आवश्यक कागजातहरू
- अन्य सम्बन्धित प्रमाण तथा विवरण

उक्त सम्पूर्ण विवरण सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र अर्थात् मिति २०८३/०२/०८ गतेभित्र अनिवार्य रूपमा शिक्षा शाखा, कञ्चन गाउँपालिकामा पेश गरिसक्नुहुन सम्बन्धित सबै विद्यालयहरूलाई अनुरोध गरिन्छ।

निर्धारित समयभित्र विवरण प्राप्त नभएमा सोही आधारमा छनोट प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

.....................

शिक्षा शाखा

कञ्चन गाउँपालिका(शिक्षा शाखा)